

# अध्याय -४

# परमेश्वरको भय मान वा उहाँप्रति श्रद्धा देखाउ र उहाँलाई महिमा देऊ

**यस अध्यायका मूल पदहरू:** प्रकाश १४; उत्पत्ति २२:१२; उपदेशक १२:१३,१४; कलस्सी ३:१,२; हिब्रू १२:१,२ र १ कोरन्थी ३:१६,१७।



**यस अध्यायको मूल सार पदः "सन्तहरूको धैर्यता यही हो; तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन र येशूको विश्वास तिनीहरूमा छ।" प्रकाश १४:१२ रूपान्तरित।**

डेनमार्कको लेखक, दार्शनिक र धार्मिक शास्त्री सोरेन किरकेगेर्डले (१८१३-१८५५) युगको अन्तको बारेमा एउटा अर्तीकथा लेखेका थिए। त्यो कथाको सार यो होः एउटा नाट्यशालाको पर्दा पछाडि आगो सल्केको थियो। त्यस नाट्यशालामा हुने नाटकको एक जना पात्र जोकर थियो। त्यो जोकर रङ्गमञ्चमा उभेर कराउन थाल्यो, "आगो लागिरहेछ, तपाईंहरू सबै भाग्नुहोस्!" दर्शकहरूले सोच्यो उसले मजाक गरिरहेको छ। नाटकको एक भाग भनेर सबैले ताली बजाए। फेरि त्यस जोकरले चिच्यायोः भाग्नुहोस्! भाग्नुहोस्!। जति उसले जोड गरेर चिच्याए र चेतावनी दिए त्यति दर्शकहरूले धेरै ताली बजाए। लेखक किर्केगेयार्डको भनाइमा यस संसारको

अन्त्य त्यसरी नै हुनेछ। संसारको अन्त हुन्दैछ भनेर चिच्याउनेहरूलाई पनि संसारले ठट्टा नै ठानेर सन्देश दिनेहरूको मजा उठाउनेछ भन्ने त्यस लेखकको धारणा थियो।

हामीलाई थाहा छ कि युगको अन्त हुँदैछ र जे जे घट्नाहरू घटिरहेकाछन् त्यसले देखाइरहेको छ। यो ख्याल ठट्टाको विषय होइन भनेर हामीलाई थाहा छ। जलप्रलयपछि संसारले धेरै गम्भीर सङ्कटहरूको सामना गरिरहेकाछन्। जलप्रलयलाई औंल्याएर संसारको अन्तको बारेमा चेतावनी दिन पत्रुसले पनि सम्बोधन गरेका थिए। पौराणिक समयमा जलप्रलयले संसार नाश भएको जस्तै युगको अन्तमा, "प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्।" २ पत्रुस ३:१०। के आउँदैछ त्यसको बारेमा चेतावनी हामीले थाहा पाएपछि र विश्वास गरेपछि हामी तयार हुनु जरुरी छ।

## १. परमेश्वरको भय मान वा उहाँलाई श्रद्धा देखाउ

वर्तमान युगको निम्ति प्रकाशको पुस्तकका दुई उद्देश्यहरू छन्ः येशूको सिघ्र आगमनको निम्ति मानिसहरूलाई तयार पार्न र उहाँसँग मिलेर यस संसारलाई युगको अन्त्यको सन्देश दिनु। ती मूल उद्देश्यहरू वाहेक अरू उद्देश्यहरू पनि छन्। प्रकाशको पुस्तकले परमेश्वरको योजनालाई प्रकट गर्नुको साथै सैतानको योजनाको भन्डाफोर गर्नु हो। सारा मानव जगतलाई अन्तिम, जरुरी, अनन्त र विश्वव्यापी सन्देश आह्वान परमेश्वरले गर्नुभएको प्रकाशको पुस्तकले दिँदछ।

**युगको अन्त्यको जरुरी आह्वान यूहन्नाले प्रकाशको १४:७मा दिएको पढ्नुहोस्। हाम्रो निम्ति के निश्चित सन्देश त्यहाँ छ? हेर्नुहोस्, "तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" परमेश्वरप्रत भय मान्नुपर्ने वा उहाँप्रतिमात्र अगाढ श्रद्धा राख्ने विषयमा देहायका पदहरू पनि पढ्नुहोस्, "उनले भने, 'तिम्रो हात त्यस केटामाथि नउठाउ, र त्यसलाई केही नगर्नु। अब मैले थाहा पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछौ, किनकि तिम्रो छोरो, तिम्रो एकमात्र छोरालाई पनि मबाट तिमीले रोकेर राखेनौ।"** उत्पत्ति २२:१२; **"पवित्र जनहरूको सभामा**

**परमेश्वरको भय साह्रै मानिएको छ। उहाँको वरिपरि हुनेहरूमध्ये उहाँ धेरै विस्मयकर हुनुहुन्छ।"**

**भजनसंग्रह ८९:७; "तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान प्राप्त गर्नेछौ।" हितोपदेश २:५; "अब सबै कुरा सुनिएका छन्— कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो। किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।" उपदेशक १२:१३-१४ र "ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस।" एफिसी ५:२१।**

नयाँ करार लेखिएको ग्रीक भाषाको अनुसार प्रकाश १४:७ "डर वा भय" भन्ने शब्द फिबियो phobeo हो। यसको अर्थ परमेश्वरसँग डर मान्नु, आतङ्कित हुनु नभएर उहाँलाई श्रद्धा देखाउनु, सम्मान गर्नु र उहाँको उपस्थितिमा चकित हुनु हो। यसले परमेश्वरमा पूर्णतया आफ्नो भक्ति र निष्ठा राख्नु र आफ्नो सबै इच्छा र चाहनालाई उहाँमा समर्पण गर्नुपर्छ भन्ने अर्थ लगाउँछ। यो मनोबृत्ति स्थिति हो जसको केन्द्रविन्दु परमेश्वर हुन्छ तर स्वार्थमा केन्द्रित हुँदैन। मानसिक आदतनै परमेश्वरमा केन्द्रिभूत हुन्छ। यो लुशिफरले आफ्नो हृदयमा आफ्नो भाउ खोज्ने मनोबृत्तिलाई यशैया १४:१३,१४मा खुलासा गरिएको छ, "तैंले आफ्नो हृदयमा भनिस्, “म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।” यशैया १४:१३-१४।

परमेश्वरप्रति श्रद्धा राख्नेको दिमाग, मिजास वा मनस्थिति येशूको जस्तै हुन्छ, " परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।" फिलिप्पी २:६-८।

महान् द्वन्द्वको मूल तत्व नै परमेश्वरलाई समर्पण गर्नु या नगर्नुमा घुमिरहन्छ। लुशिफर स्वकेन्द्रित थियो। आफू बाहेक अरू कुनैको अधिकारमूनि रहन उसले अस्वीकार गरेका थियो। सिंहासनमा हुने परमेश्वरको प्रभुत्वमा बस्नुको सट्टा त्यही सिंहासनलाई आफ्नो प्रभुत्वमा उसले राख्न चाहेको

थियो। स्पष्टरूपमा भन्ने हो भने परमेश्वरको भय मान्नु वा उहाँमाथि अगाढ श्रद्धा राख्नुको अर्थ हाम्रो सबै सोचबिचारमा उहाँलाई पहिलो स्थान दिनु हो। "म नै मेरो जीवनको राजा हुँ," भन्ने स्वकेन्द्रित भावना र अहँलाई त्यागेर सम्पूर्ण जीवन परमेश्वरमा समर्पण गर्नु र उहाँको निम्ति जिउनु हो। यो भावना अत्यन्तै महत्त्वपूर्ण हुनुपर्छ किनकि तीन स्वर्गदूतहरूका सन्देशहरूमा पहिलो स्वर्गदूतका पहिलो वाक्य नै परमेश्वरको भय मान हो।

त्यसकारण, यसमा हामीले ध्यान दिनु जरुरी छ।

**परमेश्वरप्रति भय मान्नु वा उहाँमाथिमात्र अगाढ श्रद्धा राख्ने मामिलामा तपाईंको अनुभव के छ? "भय मान्नु" भनेको सकारात्मक हो भन्ने कुरालाई अरूहरूलाई कसरी सम्झाउने?**

## २. परमेश्वरको भय मान्ने र उहाँको आदेशलाई पालन गर्नु

परमेश्वरको भय मान्नु भन्नुको अर्थ अरू के छ? हेर्नुहोस् देहायका पदहरू:

**"सम्पूर्ण जीवनभरि परमप्रभु तिमीहरूका परमेश्वरको भय मानेर तिमीहरू र तिमीहरूका छोराछोरी र नातिनातिनाले उहाँका सबै विधि र आज्ञाहरू पालन गर्नू, कि तिमीहरूको आयु लामो होस्। हे इस्राएली हो, यी सबै पालन गर, ताकि तिमीहरूको भलो होस्, र परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं दूध र मह बहने देशमा तिमीहरूको खूब वृद्धि पनि होस्।" व्यवस्था ६:२-३; "तपाईंका हातले मलाई बनाए, र मलाई आकार दिए। तपाईंका आज्ञाहरू बुझ्ने समझशक्ति मलाई दिनुहोस्। तपाईंको भय मान्नेहरू मलाई देखेर खुशी होऊन्, किनभने म तपाईंको वचनमा भर पर्दछु।**

**भजनसंग्रह ११९:७३-७४ र "अब सबै कुरा सुनिएका छन्- कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो। किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।" उपदेशक १२:१३-१४।**

परमेश्वरको भय मान्नुसँग उहाँका आज्ञाहरू पालन गर्नु मिसिएको छ भनेर माथिका पदहरूले बताउँछ। परमेश्वरप्रति भय राख्नुले नै दिमागमा उहाँप्रति आदर, सम्मान र श्रद्धा राख्नु हो जसले उहाँका आज्ञाहरू पालन गर्न अग्रसर गराउँछ। जो अनुग्रहबाट मुक्ति पाउँछन् तिनीहरूले त्यो मुक्तिलाई कायम राख्न परमेश्वरका आज्ञाहरू पालन गर्नुपर्ने स्वर्गको जरुरी अपिल वा

आह्वान हो (एफिसी २:८-१०)। अनुग्रह पायो भन्दैमा परमेश्वरका नीतिहरूलाई वेवास्ता गर्दै हाम्रो जीवनलाई लथालिङ्ग वा भताभुङ्ग पार्न स्वतन्त्रता दिँदैन। दश आज्ञाहरूले ल्याउने दोषबाट हामीलाई अनुग्रहले स्वतन्त्र बनाउँछ, तर यसलाई पालन गर्नुपर्ने जिम्मेवारी बाट हामीलाई पन्छाउँदैन।

अनुग्रहले हामीलाई विगतको दोषबाटमात्र हामीलाई मुक्ति दिँदैन, तर यसले बर्तमान जीवनमा ईश्वरीय भक्तको जीवन बिताउन हामीलाई शक्तिसम्पन्न गराउँछ। प्रेरित पावलले यो ठोकुवा गर्छन्, "उहाँका नाउँको खातिर विश्वासद्वारा आउने आज्ञापालन सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं।" रोमी १:५।

कतिपय इसाईहरू वा इसाई सम्प्रदाय चाहे रोमन क्याथोलिक होस् वा प्रोटेस्टेन्टहरू होस् तिनीहरूमा अनौठो धारणा छ। तिनीहरूले दावी गर्छन् कि अनुग्रहले हामीले मुक्ति पाउने भएकोले परमेश्वरका दश आज्ञाहरू निलम्बन भयो वा त्यसलाई खास पालन गर्नु आवश्यक छैन। दश आज्ञाको बारेमा चर्चा गर्नु नै विधिवाद वा परम्परावाद हो भनेर तिनीहरूले विश्वास गर्छन्। तिनीहरूले भन्छन्, मलाई येशू भए पुग्छ। तर प्रश्नचाहिँ यो छ, "कुन येशू?" हाम्रो आफ्नै धारणले आविश्कार गरेको येशू कि धर्मशास्त्र बाइबलको? धर्मशास्त्र बाइबलको येशूले हामीलाई दश आज्ञाहरूलाई कहिल्यै पनि न्युनतमरूपमा झार्नुभएको छैन वा त्यसको गरिमालाई कुल्चनु भएको छैन। दश आज्ञा नै उहाँको चरित्रको प्रतिलिपि वा दस्तावेज हो। धर्मशास्त्रको येशूले हामीलाई बाइबलको शिक्षादीक्षालाई कहिल्यै पनि नगन्य स्तरमा झार्नुभएको छैन। बाइबलले नै हामीलाई परमेश्वरको बारेमा स्पष्टरूपमा प्रकट गर्दछ र यस संसारमा उहाँको योजना के छ भनेर देखाउँदछ। धर्मशास्त्रको ख्रीष्टले हामीलाई बाइबलको शिक्षादीक्षालाई कहिल्यै पनि दिक्कलाग्दो बनाउँदैन। बाइबलको नीतिलाई वेवास्ता गरेर धर्मात्माको खोल लगाउने इसाईहरूको चलन ख्रीष्टको निम्ति अमान्य छ। ख्रीष्ट नै बाइबलको शिक्षादीक्षा, नीति र सत्यको सर्वाङ्ग हुनुहुन्छ। सत्यको साक्षात्कार येशू हुनुहुन्छ। बाइबलको शिक्षादीक्षालाई उहाँले आफ्नो जीवनमा उतार्नुभएको थियो।

येशूले हामीलाई उपलब्ध गराउनुभएको सबै थोक पूर्णरूपमा विश्वासद्वारा ग्रहण गर्नुपर्छ भनेर प्रकाशको अन्तिम आग्रह हामीलाई गरेको छ। "परमेश्वरको भय मान," जसको अर्थ हो हामीमा भएको विश्वासले उहाँको मुक्ति दिने शक्तिलाई स्वीकार्दै हाम्रो जीवन भक्ति र आज्ञाकारी बनाउन उहाँले नै शक्तिसम्पन्न गराउनुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनु हो।

**येशूले भन्नु भएको यो भावनालाई हामीले कसरी लिने? "तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ।" मत्ती १०:२८। परमेश्वरको भय मान्नु भन्नुको अर्थ यसले हामीलाई कसरी बुझाउन खोज्छ?**

## ३. परमेश्वरमा केन्द्रित जीवन बिताउनु

अहिलेको युग ग्राहक तथा उपभोक्ताहरूको युग हो। सांसारिक वा लोकप्रिय मूल्य मान्यताको केन्द्रविन्दु नै स्वार्थ हो। स्वार्थ केन्द्रित निरङ्कुसता र स्वार्थलाई फुलाएर आफूलाई स्वार्थी भावनामा नजरबन्दमा नराखी हाम्रो जीवनको केन्द्रविन्दु परमेश्वरमा राख्न स्वर्गको आग्रह हो। कतिपयको निम्ति मानिसहरूको केन्द्रविन्दु पैसा हो। सबै आनन्द र शक्ति पैसामा भर पर्छ भनेर पैसा थुपार्न कतिपय मानिसहरू दगुरिरहेका छन्। कतिपयको निम्ति खेल, सङ्गित वा मनोरञ्जन जीवनको केन्द्रविन्दु हुनसक्छ। तर जीवनको सत्य र सकली केन्द्रविन्दु परमेश्वर हुनुहुन्छ, त्यसकारण, उहाँको भय मान, उहाँको उपस्थितिको महसुस गर्नु, उहाँमाथि श्रद्धा राख्नु र उहाँलाई आदर गर्नु भन्ने जल्दोबल्दो आह्वान प्रकाशको पुस्तकको हो।

**हाम्रो जीवनको केन्द्रविन्दु परमेश्वरलाई बनाउनुपर्छ भनेर देहायका पदहरूले हामीलाई कसरी औंल्याउँछ? हेर्नुहोस्, "पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।" मत्ती ६:३३; "यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ। माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन। किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ। ख्रीष्ट, जो हाम्रो जीवन हुनुहुन्छ, उहाँ प्रकट हुनुहुँदा तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ।" कलस्सी ३:१-४ र "यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ।" हिब्रू १२:१-३।**

जगतव्यापी अन्तिम द्वन्द्वको मूख्य विषयबस्तु दिमाग र कसको पक्षमा उभिने वा बफादार हुने हो। परमेश्वर चाहनुहुन्छ मानिसहरू उहाँप्रति बफादारी होस्, उहाँको प्रभुत्वलाई स्वीकारियोस् र उहाँको चाहनामा समर्पित होस्।

यथार्थमा भन्ने हो भने भिषण द्वन्द्वको अन्तिम युद्ध नै असल र खराबको बीचमा छ र असलले वा खराबले हाम्रा दिमाग, सोचबिचार र विवेकलाई नियन्त्रण गर्न दिने। पावलले विश्वासीहरूप्रति आफ्नो अर्ति यसरी व्यक्त गर्दछन्, "येशू ख्रीष्टमा भएको मगज वा मानसिक स्थिति तिमीहरूमा पनि होस्।" फिलिप्पी २:५। (मानौं येशूको दिमाग वा मगज प्रत्येक येशूभक्तमा प्रत्यारोपण होस्)। हाम्रो शारीरिक, मानसिक, आत्मिक र भावनको राजधानी हाम्रो दिमाग वा मगज हो। यसमा नै हाम्रा सबै सोचहरूको स्रोत छ। "होस्," भन्ने पावलको भनाइले निर्णय गर्न वा चुन्न अधिकार दिएको छ भन्ने जनाउँछ। यसले मानिसको स्वविवेकको स्वतन्त्रतालाई सम्बोधन गर्दछ। हाम्रो मगजमा ख्रीष्टको दिमाग हुनु भनेको नै हाम्रो आत्मनिर्णयलाई घचघचाउनु हो। येशूलाई हाम्रो सोचबिचारलाई यसरी निर्माण गर्न दिनुपर्दछ कि त्यसमा केवल अनन्त जीवनका थोकहरूमात्र उहाँले भर्न सकुन्। हाम्रा कामहरूले नै हाम्रो सोचको प्रक्रिया कहाँबाट आएको हो भनेर देखाउँदछ। परमेश्वरको भय मान्नु भनेकै हाम्रो जीवनमा परमेश्वरलाई प्राथमिकता दिनु हो। सबै चालमा उहाँलाई नै पहिलो स्थान दिनु हो।

तपाईंको दिमागलाई नियन्त्रण गर्न कति सजिलो छ त्यो सोच्नुहोस्। विशेष गरेर तपाईंले तपाईंको दिमागलाई कतातिर मोड्न सक्नुहुन्छ त्यसलाई तपाईंले नै नियन्त्रण गर्न सकनुहुन्छ। दिमागलाई कुन स्थितिमा राख्ने भनेर हामी सजग हुन्छौं र यसमा हामी विवेकशील छौं। तर समस्या त यो छ, यदि हाम्रो दिमागलाई जानाजानी ठिक ठाउँमा राखेनौं वा यस संसारको थोकहरूमा होइन तर स्वर्गको थोकहरूमा दिएनौं भने हामी पतित र पापी भएकोले स्वभावैले हामी निच थोक वा संसार अर्थात् लोकप्रियतिर मोडाउन सजिलो हुन्छ। त्यसकारण, पावलको भनाइ अनुसार हामीले जानाजानी परमेश्वरले दिनुभएको स्वविवेकको पवित्र बरदानलाई स्वर्गको थोकहरूमा ध्यान दिन हरदम सजग हुनुपर्दछ।

**पावलले येशूभक्तहरूको निम्ति आफ्नो अन्तिम आह्वान यसरी गर्दछन्, "अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर। तिमीहरूले**

जुन कुरा मबाट सिक्यौ, र ग्रहण गर्‍यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ।" फिलिप्पी ४:८-९। पावलले भनेको अनुसार गर्न हामीले कसरी सिक्ने?

## ४. परमेश्वरको महिमा गर

"परमेश्वरलाई महिमा देओ" (प्रकाश १४:७) भन्ने वाक्य पुरानो करारमा पनि प्रयोग गरिएको छ। पुरानो करारमा प्रयोग गरिएको त्यो वाक्यको बारेमा अध्ययन गर्दा त्यसको अर्थ रोचक भएको भेट्टाइएको छ। यो वाक्य प्रायजसो परमेश्वरको न्यायको सन्दर्भमा प्रयोग गरेको पाइन्छ (यहोशू ७:१९; १ शमूएल ६:५; यर्मिया १३:१५; मलाकी २:२)। जुन तरिकाले पहिलो स्वर्गदूतले प्रयोग गरेका थिए (प्रकाश १४:७) त्यही तरिकाले पुरानो करारमा पनि प्रयोग गरिएको पाइन्छ। यही धारणा प्रकाश १९:१,२मा पनि देखिएको छ, "त्यसपछि मैले स्वर्गबाट एउटा ठूलो भीड़ले चर्को सोरमा यसो भनिरहेको जस्तो सुनें, "हल्लेलूयाह! मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्वरका हुन्, किनकि उहाँका इन्साफ सत्य र न्यायसङ्गत छन्। सारा पृथ्वीलाई आफ्नो व्यभिचारले भ्रष्ट पार्ने त्यस महा वेश्यालाई उहाँले दण्ड दिनुभएको छ, र उहाँका दासहरूका रगतको बदला लिइसक्नुभएको छ।" प्रकाश १९:१-२।

हामीले परमेश्वरको महिमा कसरी गर्न सक्छौं भनेर दिएका देहायका पदहरूबाट हामीलाई बुझाउन खोजेको हेर्नुहोस्, " के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा वास गर्नुहुन्छ? कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ। किनकि परमेश्वरको मन्दिर पवित्र हुन्छ, र त्यो मन्दिर तिमीहरू नै हौ।" १ कोरिन्थी ३:१६-१७; "व्यभिचारदेखि अलग बस। अरू जुनसुकै पाप जो मानिसले गर्दछ, त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको विरुद्धमा पाप गर्दछ। तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।" १ कोरिन्थी ६:१८-२०; र "यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर।" १ कोरिन्थी १०:३१।

हाम्रा भौतिक शरीरहरूको विषयमा प्रेरित पावलको धारणा स्पष्ट छ। हाम्रा भौतिक शरीरहरू परमेश्वरको पवित्र स्थान आफै हो, तिनीहरूमा परमेश्वरको आत्माले बास गर्नुहुन्छ। यसले हाम्रो मरणशील शरीर भौतिकमात्र होइन आत्मिकी पनि हो भनेर पुष्टि गर्दछ। परमेश्वरको उपस्थितिले मन्दिर पवित्र हुन्छ। हाम्रो जीवनको प्रत्येक पक्षले परमेश्वरको महिमा गर, उहाँको इज्जत थाम भनेर बाइबलले ठूलो स्वरले हाम्रो सामु घन्काउँछ। जब हामीले हाम्रो जीवनको केन्द्रविन्दु परमेश्वरलाई बनाउँछौं तब हामीले जे गरेतापनि उहाँको महिमा गर्ने लक्ष्य र चाहनाले अघि बढ्छौं। हाम्रो खानपिनमा, हामीले लगाउने वस्त्रले, हामी सरिक हुने मनोरञ्जनले, हाम्रो जीवनशैलीले वा अरूहरूसँग गर्ने अन्तर्क्रियाले हाम्रो होइन परमेश्वरको महिमा गर्न र उहाँको इज्जत राख्न गर्छौं। जब परमेश्वरको इच्छा पूरा गर्न हामीमा भएको प्रेमको चरित्र, स्वभाव वा मिजासलाई संसारको सामु प्रकट गर्न प्रतिवद्धता जनाउँछौं र त्यस अनुसार चल्छौं तब उहाँको महिमा गर्छौं र हामीले उहाँको नाउँ र इज्जतलाई थामी राख्छौं। युगको अन्तमा हुने न्यायको परिवेशमा यो त झन महत्त्वपूर्ण छ।

**हाम्रो जीवन आँशिक, आत्मिकमामात्र होइन र हाम्रा निर्णयहरू पूरैरूपमा समर्पण गर्नुपर्छ भनेर पावलले जिकिर गरेको रोमी १२:१,२ पढ्नुहोस्, "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।" रोमी १२:१-२।**

ग्रीक भाषामा लेखिएको नयाँ करारमा शरीरहरू somata सोमाटा हो। यसमा पूरै भौतिक शरीरको संरचना, मगन वा दिमाग र आत्मिक वा भावनाहरू समेतिएको छ। अङ्ग्रेजी भाषाको बाइबल अनुबाद फिलिपसले "ग्रहणयोग्य सेवा" लाई परमेश्वरको आराधना वौद्धिक तरिकाहरू अपनाएर गर्नुपर्छ भनेर लेखिएको छ। अर्थात् जब हामी परमेश्वरको भय मान्छौं र उहाँको महिमा गर्छौं तब हाम्रा सबै दिमाग वा मगज र विवेक, भौतिक शरीर र भावनाहरू उहाँलाई सुम्पनु नै बुद्धि पुऱ्याएर आराधना गर्नु हो। अर्थात् परमेश्वरको आराधना केवल आत्मिक र भावनात्मक वा संवेगमामात्र गरिन्दै। हाम्रो पूरै जीवनलाई वौद्धिक स्तरमा राखेर गर्नुपर्छ। फेरि परमेश्वरको न्यायको

बारेमा आत्मज्ञान पाएपछि उहाँको आज्ञालाई शिरोपर गरेर चल्नु नै हाम्रो निम्ति उत्तम छ।

**तपाईंको शरीरलाई तपाईंले के गर्नुहुन्छ, त्यसको बारेमा सोच्नुहोस्। तपाईंले जे गर्नुहुन्छ त्यसले परमेश्वरको महिमा र इज्जत थामी रहेको छ भनेर तपाईं कसरी ढुक्क हुने?**

## ५. प्रकाशको पुस्तकमा उल्लेख गरिएका विजयीहरू

"परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" प्रकाश १४:१२ (कतिपय अनुवादहरूमा येशू विश्वास भनएको छ अर्थात् जुन विश्वास येशूमा छ त्यही विश्वास परमेश्वरको जनहरूमा हुनुपर्छ-अनुवादक)। युगको अन्तमा बाँचिरहने परमेश्वरका निष्ठावान व्यक्तिहरूको चरित्र वा स्वभाव यस पदले चित्रण गरेको छ। येशूको विश्वास हामीमा भयो भनेमात्र हामीले परमेश्वरका आज्ञाहरूलाई पालन गर्न सक्छौं। येशूमा विश्वास राख्नु अत्यन्तै जरुरी भएतापनि "येशूको विश्वास हुनु" भनेको त्यो भन्दा अपार छ। त्यसकारण यस पदको सही अनुवाद "येशूमा विश्वास" नभएर "येशूको विश्वास" हो। यो त्यस किसिमको गुणिलो विश्वास जुन येशूमा छ त्यसले गर्दा नै सैतानका भयानक परीक्षा र आक्रमणहरूको सामना गर्नुभएर उहाँ विजयी हुनुभएको थियो। विश्वास प्रत्येक विश्वासीलाई पवित्र आत्माले दिनुभएको बरदान वा उपहार हो। जब पवित्र आत्माले हाम्रो हृदयमा राखिदिनुभएको विश्वासलाई चलाउँछौं तब यो विश्वास बढ्दछ। पाप, प्रलोभन, स्वार्थ र आफ्नो भाउ खोज्ने प्रवृत्तिलाई हाम्रो इच्छा शक्तिले होइन, तर जीवित ख्रीष्ट हाम्रो जीवनमा रहनुभएर उहाँकै शक्तिले हाम्रो जीवनमा हुने सैतानको आक्रमणलाई जित्न सक्ने हुन्छौं। हामी को भएर विजय पाउने होइन तर हाम्रो भित्र येशू हुनुभएकोले नै येशूभक्तिको जीवन विजयी जीवन हुनसक्छ।

येशूले विजय पाउनुभएकोले नै हामीले पनि विजय पाउन सक्छौं। येशू विजयी हुनुभएकोले हामी पनि विजयी हुनसक्छौं। सैतानका सबै परिक्षा र आक्रमणमाथि विजय पाउन सक्छौं किनकि उहाँले ती सबैमाथि बिजय पाउनुभयो।

**"परमेश्वरको भय मान्ने" र "उहाँको महिमा गर्ने" जीवन बिताएर बिजयी जीवन बिताउनु भन्नुको अर्थ के हो? हेर्नुहोस्, "आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले**

**हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं। " हिब्रू ४:१४-१६ र "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ।" हिब्रू ७:२५।**

परमेश्वरको पुत्र येशूले सैतानका छट्टु चालहरूदेखि उहाँ जित्न सक्नुभएको थियो। परमेश्वरकै प्रतिज्ञाहरूमाथि भर पर्नेभएर सैतानका आक्रमणको सामना गर्नुभएको थियो। उहाँले आफ्नो इच्छा परमेश्वर पिताको इच्छामा समर्पण गर्नुभएर उहाँलाई चाहिने बल र शक्ति पितामाथि नै भरोसा राख्नुभएको थियो। येशूमाथि भरोसा राखेर, उहाँलाई हेरिरहेर, उहाँलाई विश्वास गरेर हामी पनि विजयी जीवन बिताउन सक्छौं। हाम्रा सबै थोकहरूमा येशू हुनुहुन्छ, र तीन स्वर्गदूतका सन्देशहरू सबै उहाँको बारेमा हो। प्रकाशको सन्देश विजयको सन्देश हो। उहाँको अनुग्रह र शक्तिले उहाँका जनहरू विजयी जीवन बिताउन सक्छन् भन्ने सन्देश यस पुस्तकले दिन्छ। एक वा अरू कुनै तरिकाले "जित्यो" भन्ने शब्द प्रकाशको पुस्तकमा ११ पल्ट प्रयोग गरिएको छ। प्रथम् शताब्दी देखि अहिलेसम्मको सात वटा चर्चहरूको दर्शन यूहन्नालाई देखाइएको थियो। प्रत्येक युग वा पुस्तामा येशूभक्तहरू हुन्छन् जो विजयी जीवन पाएका थिए भनेर यूहन्नाले उल्लेख गर्दछन्। अन्तको समयमा जो विजयी जीवन बिताइरहन्छन् तिनीहरूले सबै थोक पाउनेछन् भनेर प्रकाश २१:७मा उल्लेख गरिएको छ। यो कुनै विधिवाद वा परम्परावाद होइन। येशूको धार्मिकताको सिद्ध जीवनले मात्र विश्वासीहरू विजय प्राप्त गर्न सक्छन् र अनन्त जीवनमा प्रवेश गर्न सक्छन्। यो सक्रिय विश्वास हो। प्रत्येक येशूभक्तको जीवनले अचम्म वा आश्चर्यको अनुग्रहलाई काम गर्न दिइयो भने उसको जीवनमा आमूल परिवर्तन हुन्छ र उक्त भक्त परिवर्तित जीवन बिताउन सक्षम् हुन्छ।

**के तपाईंको जीवनमा केही यस्ता थोकहरू छन् जुन तपाईंले जित्न चाहनुहुन्छ? हाम्रा चाहनाहरूलाई कसरी कार्यान्वयन गर्ने? प्रकाशको पुस्तकले औंल्याएको बिजयी जीवन बिताउन के व्यवहारिक कदमहरू हामी अपनाउन सक्छौं?**

**उपसंहार**

**थप जानकारी:** हिब्रू ७:२५ मा येशू हाम्रो प्रधान पुजारी हुनहुन्छ भनेर अचम्म तरिकाले पावलले व्यक्त गरेका थिए । त्यसको बारेमा सोच्नुहोस् । यसमा लेखिएको छ, "उहाँद्वारा परमेश्वरको एकदम नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ ।" अंङ्ग्रेजीमा "नजिक वा एकदम नजिक" लाई अट्टरमोस्ट uttermost भनिएकोछ। ग्रीक शब्दमा अट्टरमोस्टको अर्थ "पुरा, पूर्णतया, जम्मा" हो । हामीलाई उद्धार गर्नुहुने येशू हुनुहुन्छ; हाम्रो काम हाम्रो जीवन उहाँमा अर्पण गर्नु हो । उहाँको विजय हाम्रो विजय हो भनेर दावी गरेर उहाँकहाँ आउनुपर्दछ। हाम्रो विश्वास र भरोसा उहाँमा नै हुनुपर्छ न त हामीमा न त कुनै मानिसमा।

"प्रकाशको पुस्तकमा 'परमेश्वरको भयमान्नु" भन्ने कथनलाई अत्यन्तै प्रभावकारी संक्षेप्तमा भन्न सकिन्छ। यो मानव जगतलाई परमेश्वरको अन्तिम आह्वान हो। महिमित र महान् ऐश्वर्य परमेश्वरलाई आफ्नो भनेर चुन्न सक्ने जो पनि खराब वा सैतानका तत्वहरूका शक्तिहरूको सामना गर्न उहाँले शक्तिसम्पन्न गराउनुहुनेछ । मानव जातिको उद्धारको निम्ति परमेश्वरले गर्नुभएको योजनालाई सैतानले जहिले पनि तहसनहस पार्न खोज्छ (प्रकाश १४:९-११) । परमेश्वरको भय मान्नु (प्रकाश ६:१४-१७) भनेको डरले थुरथुर काम्नु नभएर आनन्द र खुशीसाथ परमेश्वरको व्यवस्थामा समर्पित हुनु र उहाँको आराधना गर्नु हो । यस पृथ्वीमा अरू कुनै पनि शक्तिले सृष्टिकर्ता परमेश्वरले पाउनुपर्ने भक्ति र बफादारीको माग गर्न अधिकार छैन। परमेश्वरलाई हाम्रो भक्ति देखाउनेबाहेक अरू बिकल्प छैन । यस जगतमा भइरहेको द्वन्द्वले सैतानका शक्तिहरूलाई उदाङ्ग पारिरहेको छ, जुन शक्तिको भविष्य नै सधैँको निम्ति बिलय हुने हो (प्रकाश १६:१३,१४; १७:१४; २०:११-१५) । त्यसकारण परमेश्वरको भय मान्नु भनेको परमेश्वरको सकारात्मक आह्वान हो । यस आह्वानलाई स्वीकारियो भने जगतव्यापी द्वन्द्वमा हामी परमेश्वरको साथमा उभिने हुन्छौँ। उहाँको महिमित उपस्थितमा हामी अनन्तको आनन्दको उपभोग गर्न सक्छौँ र उहाँसँग अनन्तसम्म सङ्गति गर्नेछौँ। प्रकाश २१:३-४, प्रकाश २२:३-५ ।" मान्युयल रोड्रिगे, "द क्लोजिङ्ग अभ द कस्मिक कन्फ्लिक्ट: रोल अभ द थ्री आन्जलस् मेसेजेज," अन पब्लिशद म्यानुस्कृप्ट, पृ. २७।

**चिन्तनमनन:**

अ. परमेश्वरको अविश्वसनीय शक्तिको बारेमा सोच्नुहोस्। सारा ब्रम्हाण्डलाई सृष्टि गर्नुभएर उहाँले नै सम्हालिरहनुभएको छ। सारा जगत र अनगिन्तियौ नक्षेत्रहरूको बारेमा सोच्न हाम्रो दिमागमा ठाउँ नै छैन। यसको सृष्टिकर्ताको बारेमा सोच्न पनि हामी सुरु गर्न सक्दैनौं। हामीभन्दा उहाँ कतिको महान् र शक्तिशाली हुनुहुन्छ त्यसको बारेमा सोच्न थाल्नुहोस् त। त्यही परमेश्वरले एक दिन हामीलाई न्याय गर्नुहुन्छ रे? यी कुराहरूले परमेश्वरको भय मान्नु र त्यसको अर्थ के हो भनेर अलिकति भएपनि बुझाउन कसरी सहायता गर्न सक्छ?

आ. जब हामी बाइबलीय धारणाको पवित्रता, विजयी जीवन बिताउनु र पापमाथि प्रभुत्व गर्नु भनेर चिन्तन गर्दा विधिवाद र परम्परावादलाई कसरी पन्छाउन सक्छौं? अहिलेको जीवनमा चाहे हामी विजयी जीवन बिताऔं वा इसाई भनेर असफल जीवन बिताऔं हाम्रो मुक्तिको आशाको जग केवल हाम्रो निम्ति येशूले क्रूसमा के गर्नुभयो त्यसमा आधारित छ भनेर हामीले सधैं कसरी याद गरिरहने?

इ. पापबाट बिजयी जीवन बिताउन हामी सक्छौं भनेर हामीलाई दिएका अनेकौं प्रतिज्ञाहरूको बाबुजुद पनि हामी येशूको आफ्नै जीवनले निर्धारण गर्नुभएको नमुना अनुसार चल्न किन कतिपय समयमा असफल हुन्छौं? हामीले के भुल गरिरहेका छौं जसले गर्दा हाम्रो जीवनमा परमेश्वरले प्रतिज्ञा गर्नुभएको अनुसार उहाँलाई हामी काम गर्न दिन असमर्थ हुन्छौं?

## कथा ४

## स्पेनमा बिउहरू रोप्नु

## इभान र डेलिया, स्पेन



त्यो पहिलो साबथ थियो इभान र डेलियाले स्पेनको सहरको घरमा परमेश्वरको आराधना गरेका थिए। त्यस सहरमा अरू कुनै सेभेन्थ-डे एडभेन्टिस्ट थिएन। ती दम्पत्ति त्यहाँ मिशिनेरी भएर गएका थिए। तिनीहरू त्यहाँ एक्लो एडभेन्टिस्ट नहुने अठोट गरेका थिए। इभान मेक्सिकोबाट आएका थिए भ ने डेलिया क्युवाबाट थिए। कोभिडको महामारी भएको ठिक एक वर्ष अघि तिनीहरू स्पेनमा आएका थिए। तिनीहरू बार्कोलानामा भएका एडभेन्टिस्ट पास्टरहरूलाई सहयोग गर्न गएका थिए। जब कोभिडले गरेर लकडाउन भएको देश फेरि खुल्न थालेको थियो तब इभान र डेलालाई सिगोभिया भन्ने सहरमा चर्च स्थापना गर्न खटाइएको थियो। यो सहर स्पेनको राजधानी माड्रिडबाट ९० मिनेट कारमा लाग्छ। पहिलो साबथमा तिनीहरूले आफ्नो घरमा बाइबल पढे। इभानले गितार बजाएका थिए। तिनीहरूले भजन गाए। तिनीहरू दुई जनामात्रै भएको भएतापनि तिनीहरूमा केही आशा थियो। पछि एक जना हजुर आमासँग तिनीहरूको परिचित भयो। उनले बाइबल सिक्ने चाहना व्यक्त गरिन्। केही दिन पछि डेलाले हजुर आमासँग सम्पर्क गरिन् र दुई जना मिलेर बाइबल अध्ययन गर्न थाले।

दोस्रो साबथमा इभान र डेलामात्र आराधना गरेका थिएनन्, हजुर आमा पनि तिनीहरूसँग आराधना गर्न आइन्। उनीसँग उनको चार वर्षको नाती पनि आएको थियो। तिनीहरूको बाइबल अध्ययन एक महिनासम्म चल्यो। अनि साबथमा आराधना गर्नेहरू पाँच जना भए। हजुर आमाले आफ्नी बुहारी पनि आइन्। अब घरेलु चर्चमा पाँच जना भएको थियो। आफ्नो छोरो लुकास आराधना गर्न नआएकोमा हजुरआमा निराश भएकी थिइन्। इभानले हजुर आमासँग लुकासको मोबाइल नम्बर मागे र उनलाई एसएमएस पठाए। "तपाईँ र तपाईँकी श्रीमती हाम्रो घरमा दिउँसो खान आउनुहोस्," भनेर इभानले निम्तो दिए। केही दिनपछि लुकास र उनकी श्रीमती इभान र

डेलासँग खान पाएकोमा रमाइलो माने अनि तिनीहरू पार्कमा घुम्न गए। त्यसबेला आफू छिटै २२ वर्ष हुने कुरा लुकासले बताए।

इभान र डेलाले लुकास र परिवारको निम्ति चकित पार्न जन्म दिनको पार्टी गर्ने योजना बनाए। डेलाले परम्परा अनुसार सबैले मन पर्ने केक बनाइन् र त्यसमाथि सेतो क्रिम हालेर फूल र हरिया पातहरूले सजाए।

लूकास अचम्म माने। उनले आफ्नो जन्मदिन कहिल्यै पनि मनाएको थिएन न त केक नै खाएका थिए। लुकासले केक र पार्टी मनपराए। उनी मुस्कुराउँदै थिए। उनी र उनकी श्रीमती धेरै खुशी थिइन्। र तिनीहरूको चार वर्षको छोरो र हजुर आमा जन्मदिनको पार्टीलाई रमाइलो माने। इभानले लुकासलाई बाइबल अध्ययन गर्ने समूहमा सामेल हुन अनुरोध गरे। अनि साबथमा घरेलु चर्चमा बाइबल अध्ययन गर्न थाले। अब घरेलु चर्च छ जना भएः इभान, डेला, चार वर्षको नाती, हजुर आमा, छोरा र बुहारी। इभानले गितार बजाए र सबै जना आनन्द मानेर गीत गाए।

तिनीहरूले अरूहरूलाई पनि गीत गाउन निम्तो दिए। हजुरबा पनि सङ्गीत सुन्न मन पराउन थाले। १८ महिनाभित्र त्यो घरेलु चर्चमा ३० जना मानिसहरू सामेल भए। अठ्ठार जनाले बाइबल अध्ययन गर्न थाले। छ जनाले बप्तिस्मा लिए। अब चर्चको निम्ति घर भाडामा लिने योजना तिनीहरूको छ।

"आराधना गर्नेहरू बढिरहेकोले हामी भवनको खोजीमा छौं," इभानले बताए। "साबथमा आराधना गर्न चर्चको खोजीमा छौं र अरू बारहरूमा मानिसहरूको सेवा गर्ने योजना छ," डेलाले थपिन्।

*-आन्ड्र्यु मेकचेस्नी*